# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/१२/२६ गते

# प्रेस विज्ञप्ति

### विषय: आयोगको सचिवबाट पद बहाली।

-----------------------------------------------------------

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवमा महेश्वर न्यौपानेले सोमवार पद बहाली गर्नुभएको छ । यसअघि सार्वजनिक खरिद अनुगमन कार्यालयको सचिवमा रहनु भएका श्री न्यौपाने यही चैत २० गतेको मन्त्री परिषदको निर्णय बमोजिम आयोगको सचिव पदमा सरुवा हुनुभएको हो ।

आजै पद बहालीपछि आयोगमा कार्यरत सबै तहका कर्मचारीहरुलाई निर्देशन दिदैं सचिव न्यौपानेले आयोगप्रतिको जन विश्वासलाई कायम राखेर कर्मचारीहरुले काम गर्नुपर्ने बताउनु भयो।

सचिव न्यौपानेले मुलुकमा भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा आयोगको भूमिका महत्वपूर्ण रहने उल्लेख गर्दै आयोगले सञ्चालन गरेको प्रवर्धनात्मक, निरोधात्मक र दण्डात्मक रणनीतिलाई थप प्रभावकारी बनाएर काम गर्न कर्मचारीहरुलाई आग्रह गर्नुभयो ।

आयोगका सहसचिव द्वय रविन्द्रनाथ श्रेष्ठ र कालीप्रसाद पराजुलीले सचिव न्यौपानेको कार्यकाल सफल रहने विश्वास व्यक्त गर्नुभएको थियो । यसअघि सचिव न्यौपानेलाई आयोगका कर्मचारीहरुबाट स्वागत गरिएको थियो ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता